स्थानीय सरकार
# तारकेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दाङसिङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स.: ०८२/८३
च.न.:

**विषयः नदिजन्य पदार्थ(ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् संकलनमा रोक सम्बन्धी अत्यन्त जरुरी सूचना।**

(सुचना मितिः २०८३/०३/०१)

प्रस्तुत विषयमा ढुङ्गा, गिट्टी बालुवा उत्खनन्,बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड,२०७९ (पहिलो संशोधन)को दफा ४ को उपदफा १६ बमोजिम **"प्रत्येक वर्षको असार १ गते देखि भदौ मसान्तसम्म नदीजन्य पदार्थ उत्खनन गर्न पाइने छैन"** भन्ने व्यवस्था बमोजिम तथा नदिजन्य र खानीजन्य पदार्थको उत्खनन् संकलन र बिक्री सम्बन्धी जिल्ला अनुगमन समिति, नुवाकोटको बैठकको निर्णयहरु कार्यान्वयन सम्बन्धी जिल्ला समन्वय समितिको मिति २०८३/०३/०१ गते को पत्रानुसार यस तारकेश्वर गाउँपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थको उत्खनन् क्षेत्रबाट मिति २०८३ असार १ गते देखि २०८३ भदौ मसान्तसम्म नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को उत्खनन,संकलन कार्य पुर्ण रुपमा बन्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यो सूचनाको उल्लघंन गरी उल्लेखित अवधिमा नदी तथा खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन, संकलन गरिएको पाईएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

सिर्जना अर्याल
प्रमुख प्रशासकीय अधिकृत